न्यायाधीश समाज, नेपाल

Judges' Society, Nepal

2052

च नं ·

दर्ता नं. ४७८/०५२/०५३, स.क.प.आ.नं. २६८०३

प्रेस विज्ञप्ती

२०८१ साल माघ २ गते काठमाण्डौं जिल्ला अदालतमा चलिरहेको ठगी गरी संगठित अपराध गरेको मुद्दामा थुनछेक वहस पश्चात अदालत हाता बाहिर बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी माथि भएको भौतिक आक्रमण तथा सो पश्चातको कृयाकलापका सम्बन्धमा यस समाजको गम्भीर ध्यानाकर्षण भएको छ। न्याय सम्पादन प्रकृयाको अभिन्न अंगको रुपमा रहेको नेपाल बार र त्यसका कुनै पनि सदस्य माथि भौतिक आक्रमण गरिनु निन्दनीय कार्य हो। उक्त दिन काठमाडौं जिल्ला अदालत परिसर बाहिर बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी माथि भएको भौतिक आक्रमणको यो समाज निन्दा गर्दै त्यस्तो अवाञ्छित कार्यमा संलग्न रहेका व्यक्तिलाई आवश्यक कानूनी कारवाही गर्नको लागि माग गर्दछ।

सो घटना पश्चात बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठीबाट विभिन्न सञ्चार माध्यममा सो मुद्दामा भएको आदेश गर्ने न्यायाधीशका सम्बन्धमा वदनियतपूर्वक कार्य गरेको भनी सर्वसाधारणमा न्यायपालिका प्रति नै भ्रम र अनास्था फैलाउने गरी अन्तर्वाता दिएको कुरा युट्युब च्यानलहरुमा प्रसारण भएको पाइएकोले सो सम्बन्धमा समेत यस न्यायाधीश समाज, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ।

कुनै न्यायाधीश विशेषबाट कानून बमोजिम न्यायिक प्रक्रिया अवलम्बन गरी भएको कुनै आदेश वा काम कारवाही कानून विपरित भएको भन्ने लागेमा सो सम्बन्धमा सम्बन्धित निकायमा कानून वमोजिमकै प्रक्रिया अवलम्बन गरी उपचार खोज्नु स्वाभाविक हुन जान्छ। तर त्यसतर्फ नलागी बरिष्ठ अधिवक्ता जस्तो जिम्मेवार व्यक्तिले आफुले वहस गरे वमोजिमको परिणाम नआएको भन्ने आधारमा कानून व्यवसायीको आचरण विपरित हुने गरी आदेश गर्ने न्यायाधीश उपर नै बदनियतपूर्वक कार्य गरेको भनी सार्वजनिक सञ्चार माध्यममा अन्तरर्वाता दिएको देखियो। बरिष्ठ अधिवक्ताको उक्त अभिव्यक्तिबाट प्रचलित न्यायिक पद्धति र समग्र न्यायपालिका प्रति नै अनास्था पैदा हुन जाने हुँदा न्यायाधीश समाज नेपाल त्यस प्रकारका अवाञ्छित गतिविधिहरुप्रति खेद व्यक्त गर्दछ।

(टेकनारायण कुँवर)
महासिचव

मितिः २०८१ साल माघ १० गते

काठमाडौं जिल्ला अदालतको पुरानो भवन, बबरमहल, काठमाडौं। फोन नं. ०१-५३५४०२८
Email : jusnepal@gmail.com
Website: judgessocietynepal.com
Kathmandu District Court, Old Building, Babarmahal, Kathmandu. T: 0977-1-5354028

CamScanner